
# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

# (प्रदेश नं. २)

## प्रथम अर्ध-वार्षिक प्रतिवेदन

## (आ.व.२०७७/७८)




**नेपाल राष्ट्र बैंक**

**जनकपुर कार्यालय,**

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को (दोस्रो संशोधन, २०७३ समेत) दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा आफूले गरेका तथ्याङ्कगत विश्लेषणको जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्नुपर्ने व्यवस्था उल्लेख भए अनुरुप यस बैंकले देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्कहरुको संकलन, अध्ययन एवम् विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदनहरु नियमित रुपमा सार्वजनिक गर्दै आएको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकका प्रादेशिक कार्यालय स्थापना गरिनुका साथै आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका जिल्लाहरुको संख्या ५८ बाट ७७ पुऱ्याइएको छ । कार्यक्षेत्र विस्तारसँगै आर्थिक गतिविधि अध्ययन एवम् प्रतिवेदन प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न अवलम्बन गरिएको मार्गदर्शनमा समसामयिक संशोधन गरी **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६"** कार्यान्वयनमा ल्याइएको छ । उक्त मार्गदर्शन अनुसार प्रदेश नं.२ को ८ वटा जिल्लाहरु (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) को समग्र आर्थिक तथा वित्तीय अवस्थाको अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

प्रदेश नं.२ का ८ वटै जिल्लाहरुको स्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवाका साथै पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लागत रुपमा तथ्याङ्क संकलन तथा प्रशोधन गरी यो प्रथम अर्ध-वार्षिक आर्थिक प्रतिवेदन तयार गरिएको छ । क्षेत्रगत आर्थिक गतिविधिको तथ्याङ्किय अवस्थाका साथै प्रत्येक क्षेत्रमा विद्यमान समस्या/चुनौती र सम्भावनाहरुलाई समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनमा जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषणसमेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य समेत चित्रण गरिएको छ ।

**"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६"** कार्यान्वयनमा आए पश्चात् प्रदेश नं.२ का ८ वटै जिल्लाहरुको अर्ध-वार्षिक तथ्याङ्कलाई आधार मानी तयार गरिएको यो अध्ययन प्रतिवेदनले नीति निर्माता एवम् सम्बन्धित सरोकारवालाहरुलाई प्रादेशिक आर्थिक अवस्था लगायत विद्यमान समस्या/चुनौती, सम्भावना एवम् परिदृश्यका बारेमा जानकारी उपलब्ध गराउन सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

**निर्देशक**
**नेपाल राष्ट्र बैंक**
**जनकपुर कार्यालय**

## विषय सूची


| | पेज नं. |
|---|---|
| **भूमिका** | **i** |
| **विषय सूची** | **ii** |
| **कार्यकारी सारांश** | **१-२** |
| **परिच्छेद : १ प्रदेशको तुलनात्मक स्थिति** | **३-५** |
| १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| १.२ अन्तरप्रदेश तुलना | ३ |
| १.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ४ |
| **परिच्छेद : २ कृषि क्षेत्र** | **६-१२** |
| २.१ कृषि उपजले ढाकेको भू–क्षेत्र | ६ |
| २.२ कृषि उत्पादन | ७ |
| २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | ८ |
| २.४ सिँचाइ तथा मौसम | १० |
| २.५ क्षेत्रगत कृषि कर्जा | १० |
| २.६ सहुलियतपूर्ण कर्जा | १० |
| २.७ कृषि क्षेत्रका चुनौती र सम्भावना | ११ |
| **परिच्छेद : ३ उद्योग क्षेत्र** | **१३-१५** |
| ३.१ प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन | १३ |
| ३.२ समग्र औद्योगिक कर्जा स्थिति | १३ |
| ३.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति | १३ |
| ३.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १४ |
| **परिच्छेद : ४ सेवा क्षेत्र** | **१६-१८** |
| ४.१ सार्वजनिक निर्माण तथा रियलस्टेट | १६ |
| ४.२ वित्तीय सेवा | १६ |
| ४.३ यातायात | १७ |
| ४.४ सेवा क्षेत्र कर्जा | १७ |
| ४.५ सेवा क्षेत्रको चुनौती र सम्भावना | १८ |
| **परिच्छेद : ५ पूर्वाधार र रोजगारी** | **१९-२२** |
| ५.१ पूर्वाधार क्षेत्र | १९ |
| ५.२ वैदेशिक रोजगारी | १९ |
| ५.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना | २१ |
| **परिच्छेदः ६ आर्थिक परिदृश्य** | २३ |
| ६.१ कृषि उत्पादन | २३ |
| ६.२ औद्योगिक उत्पादन | २३ |
| ६.३ सेवा क्षेत्र | २३ |
| ६.४ पूर्वाधार क्षेत्र | २३ |

# कार्यकारी सारांश

## कृषि

१. समीक्षा अवधिमा प्रदेश नं.२ मा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ४.२८ प्रतिशत, तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा १.६९ प्रतिशत र मसला बालीले ढाकेको क्षेत्रफलमा १.२९ प्रतिशतले वृद्धि भएको छ ।

२. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा ८.६१ प्रतिशत र तरकारी तथा बागवानी उत्पादनमा २.२४ प्रतिशतले वृद्धि भएकोमा फलफूल तथा मसला उत्पादनमा २.३० प्रतिशतले ह्रास आएको छ ।

३. समीक्षा अवधिमा पशुजन्य उत्पादन तर्फ दूध, अण्डा र मासुको उत्पादनमा क्रमशः १.२४ प्रतिशत, ०.५५ प्रतिशत र २.०३ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, काठको उत्पादनमा ५६.६७ प्रतिशत, दाउराको उत्पादनमा १२.६४ प्रतिशत तथा माछाको उत्पादनमा १.४८ प्रतिशतले ह्रास आएको छ ।

४. २०७७ पुस मसान्तमा यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा रु.३४ अर्ब ८४ करोड कर्जा प्रवाह भएको छ जुन कुल कर्जाको ११.२८ प्रतिशत हुन आउँदछ ।

## उद्योग

५. समीक्षा अवधिमा अध्ययनमा समेटिएका प्रमुख उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा ४४.८५ प्रतिशत रहेको छ ।

६. २०७७ पुस मसान्तमा यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक कर्जा अन्तर्गत रु.९३ अर्ब २८ करोड कर्जा प्रवाह गरेका छन् जुन कुल कर्जाको ३०.२० प्रतिशत हुन आउँदछ ।

## सेवा

७. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेसन संख्यामा ९.४५ प्रतिशतले वृद्धि भएको छ भने घर जग्गा रजिष्ट्रेशनबाट संकलित राजस्वमा ३१.६२ प्रतिशतले वृद्धि भएको छ ।

८. २०७७ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट परिचालन गरेको निक्षेप ३७.५६ प्रतिशतले वृद्धि भई रु.२ खर्ब १८ अर्ब १९ करोड पुगेको छ भने कर्जा प्रवाह १४.२१ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ८ अर्ब ९४ करोड पुगेको छ ।

९. यस प्रदेशबाट परिचालित कुल निक्षेपमा पर्सा जिल्लाको हिस्सा सबैभन्दा बढी २५.५३ प्रतिशत र रौतहट जिल्लाको हिस्सा सबैभन्दा कम ६.८१ प्रतिशत रहेको छ । त्यसैगरी, कुल कर्जा प्रवाहतर्फ पर्सा जिल्लाको अंश सबैभन्दा बढी ३९.४८ प्रतिशत र सप्तरी जिल्लाको सबैभन्दा कम ५.२१ प्रतिशत रहेको छ । यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाको कर्जा निक्षेप अनुपात औसतमा १४१.५९ प्रतिशत रहेको छ ।

## पूर्वाधार

१०. प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनाहरुमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, पूर्व-पश्चिम रेलमार्ग आयोजना, हुलाकी राजमार्ग, काठमाण्डौं तराई मधेश द्रुतमार्ग

आयोजना र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम र सुनकोशी मरिन डाइभर्सन वहुउद्देश्यीय आयोजना रहेका छन् ।

## परिच्छेद : १

## प्रदेशको तुलनात्मक स्थिति

आर्थिक बर्ष २०७७/७८ को पहिलो अर्ध-वार्षिक अवधिमा आर्थिक क्रियाकलाप अपेक्षित रुपमा उत्साहजनक देखिएन । कोभिड-१९ ले विश्वव्यापी आर्थिक र सामाजिक क्रियाकलापमा पारेको नकरात्मक प्रभाव स्वरुप आ.व. २०७७/७८ को पहिलो त्रैमासिक अवधिमा समेत नेपालको आर्थिक वृद्धिदर ४.६ प्रतिशतले ऋणात्मक हुने अनुमान केन्द्रीय तथ्याङ्क विभागले गरेको छ । गत बर्षको सोही अवधिमा यस्तो वृद्धिदर २.७ प्रतिशत रहेको थियो ।

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७६/७७ मा देशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २७.६ प्रतिशत, १४.३ प्रतिशत र ५८.१ प्रतिशत रहेको छ ।

### १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क बिभागका अनुसार आर्थिक बर्ष २०७६/७७ मा प्रदेश नं. २ को कुल प्रादेशिक गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.५ खर्ब १९ अर्ब हुने अनुमान गरिएको छ, जुन राष्ट्रिय अर्थतन्त्रको १३.७८ प्रतिशत हुन आउँछ । आर्थिक वर्ष २०७६/७७ मा यस प्रदेशको आर्थिक वृद्धिदर २.२८ प्रतिशत कायम रहने अनुमान छ । प्रदेश नं.२ को कुल प्रादेशिक गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ४०.५७ प्रतिशत, ११.१६ प्रतिशत र ४८.२७ प्रतिशत रहेको अनुमान छ ।

### १.२ अन्तरप्रदेश तुलना

केन्द्रीय तथ्याङ्क बिभागले प्रकाशन गरेको आर्थिक बर्ष २०७६/७७ को ६ देखि ८ महिनासम्मका आर्थिक क्षेत्रहरुसँग सम्बन्धित आँकडा तथा सूचनाहरुका आधारमा तयार गरिएको अनुमानित तथ्याङ्क अनुसार नेपालका सातवटा प्रदेशको अन्तरप्रदेश समग्र आर्थिक अवस्था तुलना गर्दा देशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी बागमती प्रदेशको ३५.८४ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशको ४.२७ प्रतिशत योगदान रहनेछ भने प्रदेश नं.२ को योगदान १३.७८ प्रतिशत रहने अनुमान गरिएको छ ।

कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं.२ को हिस्सा सबैभन्दा धेरै ४०.५७ प्रतिशत र बागमती प्रदेशको हिस्सा सबैभन्दा कम १३.५३ प्रतिशत रहने अनुमान विभागले गरेको छ । उद्योग क्षेत्रको उत्पादनमा प्रदेश १ को सबैभन्दा बढी हिस्सा १७.७६ प्रतिशत र प्रदेश नं.२ को सबैभन्दा कम हिस्सा ११.१६ प्रतिशत रहने अनुमान गरेको छ । यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको सबैभन्दा बढी हिस्सा ७५.१५ प्रतिशत र प्रदेश १ को सबैभन्दा कम हिस्सा ४४.६३ प्रतिशत रहने अनुमान रहेको छ । सेवाक्षेत्रमा प्रदेश नं.२ को हिस्सा ४८.२७ प्रतिशत रहने अनुमान छ ।

**तालिका १.१**

**प्रादेशिक आर्थिक परिसूचकहरु**

(आ.व २०७६/७७)

| | अन्तरप्रदेश तुलना आर्थिक बर्ष २०७६/७७ असार मसान्त | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रदेश | प्रदेश १ | प्रदेश २ | वागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सूदुरपश्चिम |
| कुल गार्हस्थ उत्पादन (रु.खर्ब) | ५.९६ | ५.१९ | १३.५० | ३.३५ | ५.३४ | १.६१ | २.७२ |
| प्रदेशको हिस्सा (प्रतिशत) | १५.८२ | १३.७८ | ३५.८४ | ८.९० | १४.१८ | ४.२७ | ७.२१ |
| कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ( प्रतिशत) | ३.४१ | २.२८ | १.२३ | २.६८ | २.० | ३.५८ | ४.०८ |
| | अन्तरप्रदेश तुलना आर्थिक बर्ष २०७६/७७ असार मसान्त | | | | | | |
| प्रदेश | प्रदेश १ | प्रदेश २ | वागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सूदुरपश्चिम |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.३० | २०.१० | १६.९० | ९.६० | १७.४० | ५.२० | ९.६० |
| उधोग क्षेत्रमा प्रदेशको अंश ( प्रतिशत) | २०.३० | ११.४० | २९.७० | ११.५० | १६.०० | ३.५० | ७.६० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.२० | ११.५० | ४६.३० | ७.९० | १२.२० | ३.९० | ५.९० |
| कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | | | | | | | |
| कृषि क्षेत्र | ३७.६१ | ४०.५७ | १३.५३ | ३०.६६ | ३४.४८ | ३४.६९ | ३७.३४ |
| उद्योग क्षेत्र | १७.७६ | ११.१६ | ११.३१ | १७.७३ | १५.४८ | ११.४२ | १४.६८ |
| सेवा क्षेत्र | ४४.६३ | ४८.२७ | ७५.१५ | ५१.६२ | ५०.०४ | ५३.८९ | ४७.९८ |

*(श्रोतः केन्द्रीय तथ्याङ्क विभाग)*

### १.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती :

भौगोलिक हिसावले समतल भू-भागमा अवस्थित रहेको यस प्रदेश आर्थिक क्रियाकलापका दृष्टिले समृद्ध प्रदेशको रुपमा विकसित हुन सक्ने सम्भावित प्रदेश हो । कृषियोग्य भूमिको उपलब्धता, यातायात लगायतका पूर्वाधार निर्माण गर्न तुलनात्मक सहजता तथा वैदेशिक व्यापारको लागि प्रस्थान विन्दु समेत भएको कारणले यस प्रदेशमा कृषिका अतिरिक्त औद्योगिक क्षेत्रको विकासको पनि उत्तिकै सम्भावना रहेको छ । साथै, यसको अवस्थिति भारतीय सीमा नजिक भएकोले उत्पादनशील उद्योग तथा कलकारखानाहरु स्थापना गरी उत्पादित वस्तु तथा सेवा भारततर्फ निकासी गर्न समेत तुलनात्मक रुपले निकै सहज छ ।

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक बर्ष २०७६/७७ मा यस प्रदेशको कुल प्रादेशिक गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको सबैभन्दा बढी ४०.५७ प्रतिशत योगदान रहेकोछ भने खानी तथा उत्खनन् क्षेत्रको सबैभन्दा कम योगदान ०.५७ प्रतिशत रहेको छ । यस प्रदेशको करिब ६१.० प्रतिशत भू-भागमा कृषिजन्य क्रियाकलाप हुने गरेको छ ।

त्यसैगरी, यस प्रदेशमा विभिन्न धार्मिक मठ मन्दिर तथा ताल तलैयाहरु रहेका कारण धेरै संख्यामा भारतीय पर्यटकहरुको आवागमन हुने गर्दछ । अन्य प्रदेशको तुलनामा पौराणिक महत्वका ताल तलैयाहरु प्रशस्त रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटनको पनि राम्रो सम्भावना रहेको छ । नेपालमा जल मनोरञ्जनका श्रोतहरु कम भएको सन्दर्भमा यस प्रदेशका जनकपुरधाम क्षेत्रमा धेरै संख्यामा रहेका पोखरीहरुको सरसफाई तथा सडक पूर्वाधार सुधार गरी गुणस्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरी मनोरञ्जनात्मक क्रियाकलापमा वृद्धि गर्न सके यो प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकको प्रवर्द्धन गरी राजस्व संकलनमा समेत वृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ । यो प्रदेशमा कुल जनसंख्याको करीव २१.० प्रतिशत जनसङ्ख्या बसोबास गर्ने भएकोले ठूलो श्रमशक्ति तथा श्रमबजारको समेत लाभ रहेको छ ।

परम्परागत रुपमा हुँदै आएको निर्वाहमुखी कृषिलाई आधुनिकीकरण गरी व्यवसायीकरण गर्नु, उत्पादनमूलक उद्योगधन्दा तथा कलकारखाना स्थापना गरी उत्पादन बढाउनुका साथै औद्योगिक विकास गर्नु, वैदेशिक रोजगारीको लागि विदेशमा रहेका युवाहरुले पठाएको विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्नु, प्रचुर सम्भावना बोकेको पर्यटन क्षेत्रको विकास गर्नु, वर्षेनी श्रम बजारमा प्रवेश गर्ने जनशक्तिलाई उचित रोजगारीको अवसर उपलब्ध गराउनुका साथै उत्पादनमुलक काममा लगाउनु र श्रम बजारमा व्याप्त श्रमको अल्प उपयोगलाई सकेसम्म बढी उपयोग हुने वातावरण तयार गर्नुका साथै पूर्वाधार विकास निर्माणका कार्यलाई तीव्रता दिनु आदि यस प्रदेशका प्रमुख चुनौतीहरु रहेका छन् ।

## परिच्छेद: २

## कृषि क्षेत्र

### २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र


आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तसम्ममा यस प्रदेशमा प्रमुख कृषि उपज (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्रफल ४.२८ प्रतिशतले वृद्धि भई ८ लाख ९४ हजार ९ सय ७५ हेक्टर पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा उक्त भू-क्षेत्रफलमा ८.७६ प्रतिशतले वृद्धि भई ८ लाख ७० हजार ३ सय ५२ हेक्टर पुगेको थियो ।

### २.१.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा धानले ढाकेको क्षेत्रफलमा ५.९१ प्रतिशत, गहुँले ढाकेको क्षेत्रफलमा २.१० प्रतिशित, आलुले ढाकेको क्षेत्रफलमा १.६० प्रतिशत, दलहन तथा तेलहनले ढाकेको क्षेत्रफलमा क्रमश: ७.२४ प्रतिशत र ३२.४५ प्रतिशतले वृद्धि आएको छ भने मकैले ढाकेको क्षेत्रफलमा ९.६२ प्रतिशत, कोदोले ढाकेको क्षेत्रफलमा २.४०, जौले ढाकेको क्षेत्रफलमा ९.२५ प्रतिशत, उखु खेतीले ढाकेको क्षेत्रफलमा ४.४० प्रतिशत र सनपाटले ढाकेको क्षेत्रफलमा २.३५ प्रतिशतले ह्रास आएको छ । समग्र खाद्य तथा अन्य बालीले ढाकेको भू-भागमा ४.२८ प्रतिशतले बृद्धि भएको छ ।

धनुषा, महोत्तरी, रौतहट र बारा जिल्लामा धान बालीले ढाकेको भू-क्षेत्रमा क्रमश: ९.२६ प्रतिशत, ०.२१ प्रतिशत र ०.०१ प्रतिशतले वृद्धि भएको छ ।

चार्ट २. १ : प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल (हेक्टरमा)




(स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु)

### २.१.२ तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा करिब १.६९ प्रतिशतले वृद्धि भई ५८ हजार ८ सय ५ हेक्टर पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा ४५.९९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रको वृद्धिदरमा कमी आउनुमा कोभिड-१९ महामारीको कारण उत्पादित तरकारीले समयमै बजार नपाउनुका साथै समग्रमा खेतीपाती कम हुनु हो ।

### २.१.३ फलफूल तथा मसला

समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको भू-क्षेत्रफलमा १.२९ प्रतिशतले वृद्धि भई ४७ हजार ६ हेक्टर पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको क्षेत्रफलमा १.७८ प्रतिशतले ह्रास आएको थियो ।

## २.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रदेशको प्रमुख कृषि बालीहरुको कुल उत्पादन ६.९३ प्रतिशतले वृद्धि भई ४४ लाख ९५ हजार २ सय ७२ मे.टन पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बालीको वृद्धिदर ६.७१ प्रतिशत रहेको थियो ।

### २.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा धानको उत्पादन १०.१७ प्रतिशत, मकैको उत्पादन ५.८३ प्रतिशत, आलुको उत्पादन २३.९२ प्रतिशत, सनपाटको उत्पादन १२.१० प्रतिशत, सुर्तीको उत्पादन १५.०७ प्रतिशत र तेलहनको उत्पादन २६.०८ प्रतिशत र उखुको उत्पादन १.९७ प्रतिशतले वृद्धि भएको छ । कोदो उत्पादन १२.९४ प्रतिशत र दलहन उत्पादन ३.०१ प्रतिशतले ह्रास आएको छ । कुल खेती गरिएको क्षेत्रफलमा भएको वृद्धिको साथै सिंचाई सुविधामा भएको सिमान्त वृद्धि, मलखाद र बीउबिजनको सहज उपलब्धताका कारण समग्र कृषि उत्पादनमा वृद्धि आएको हो ।

गत बर्षको सोही अवधिमा धानको उत्पादनमा ७.९२ प्रतिशतले तथा सुर्तीमा ३.०९ प्रतिशतले ह्रास आएको भएतापनि मकै, कोदो, आलु, उखु, सनपाट, दलहन तथा तेलहन उत्पादनमा क्रमशः १.२१ प्रतिशत, २.०६ प्रतिशत, ३५.१२ प्रतिशत, ४.१६ प्रतिशत, ६.८० प्रतिशत, २६.१३ प्रतिशत र १९.७९ प्रतिशतले वृद्धि भएको थियो ।

तालिका (१.२)
समीक्षा अवधिमा प्रदेशमा धान उत्पादन (मे.टनमा)

| जिल्ला | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ |
|---|---|---|
| सप्तरी | १६०,६५० | १८९,००० |
| सिराहा | १७१,७७४ | २०३,५८४ |
| धनुषा | १८३,६०० | १७७,३३० |
| महोत्तरी | १३५,०३० | १५७,८६८ |
| सर्लाही | १०९,३९२ | १०७,००० |
| रौतहट | ५४,४४० | ८९,८७५ |
| बारा | १८७,६२६ | २००,०८३ |
| पर्सा | २२५,८४० | २२८,५६० |
| **जम्मा** | **१,२२८,३५२** | **१,३५३,३००** |

(श्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र )

### २.२.२ तरकारी तथा बागवानी

यस प्रदेशमा समीक्षा अवधिमा तरकारीको उत्पादन २.२४ प्रतिशतले वृद्धि भएको छ । तरकारी उत्पादनमध्ये सबैभन्दा बढी १९.४८ प्रतिशत बारा जिल्लामा भएको छ भने पर्सा जिल्लामा सबैभन्दा कम ४.७४ प्रतिशत उत्पादन भएको छ ।

तालिका (१.३)

समीक्षा अवधिमा प्रेशको तरकारी तथा बागवानी उत्पादन (मे.टनमा)

| जिल्ला | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ |
|---|---|---|
| सप्तरी | ११२,५९० | ११२,५९० |
| सिराहा | ८७,६७८ | ८७,६७८ |
| धनुषा | ९२,९४३ | ९२,९४३ |
| महोत्तरी | ११२,३२० | १२८,५१५ |
| सर्लाही | १३२,२४० | १३२,४०० |
| रौतहट | ५७,९६० | ६४,५९१ |
| बारा | १६४,२२० | १५९,०८८ |
| पर्सा | ३८,७०० | ३८,७०० |
| **जम्मा** | **७९८,६५१** | **८१६,५०५** |

(श्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र )

### २.२.३ फलफूल तथा मसला

समीक्षा अवधिमा फलफूल तथा मसलाको उत्पादनमा २.३० प्रतिशतले ह्रास आएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादनमा ५.९४ प्रतिशतले वृद्धि भएको थियो । फलफूलको उत्पादन मध्ये केरा तथा मसला उत्पादनमा क्रमशः ६.८३ प्रतिशत र ०.७५ प्रतिशतले ह्रास आएकोमा अन्य फलफूलको उत्पादन ०.१३ प्रतिशतले वृद्धि भएको छ ।

## २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### २.३.१ पशुपंक्षीजन्य उत्पादन :

समीक्षा अवधिमा दूधको उत्पादन १.२४ प्रतिशत, मासुको उत्पादन २.०३ प्रतिशत, अण्डाको उत्पादन ०.५५ प्रतिशतले वृद्धि भएकोमा छालाको उत्पादनमा १.९३ प्रतिशतले ह्रास आएको छ । गत बर्षको यसै अवधिमा दूधको उत्पादनमा ०.६५ प्रतिशतले ह्रास आएकोमा मासुको उत्पादन ८.३६ प्रतिशत, छालाको उत्पादन ०.५२ प्रतिशत र अण्डाको उत्पादन १९.४८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा कुल दूध उत्पादन मध्ये सिराहा जिल्लाको हिस्सा सबैभन्दा बढी २२.९२ प्रतिशत रहेको छ भने रौतहट जिल्लाको हिस्सा सबैभन्दा कम ३.२९ प्रतिशत रहेको छ ।

तालिका (१.४)

समीक्षा अवधिमा प्रदेशको पशुपंक्षीजन्य उत्पादन

| जिल्ला | दुध (लि.हजारमा) | | मासु (मे.टनमा) | | अण्डा (गोटा हजारमा) | |
|---|---|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व. २०७७/७८ | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७६/७७ | आ.व. २०७७/७८ |
| सप्तरी | २४,१८८ | २४,१८८ | ५,५५० | ५,५१९ | १७,२६३ | १७,३५२ |
| सिराहा | ५९,४५२ | ६१,२३५ | ६,१७२ | ६,४२१ | ३,९६४ | ४,०३८ |
| धनुषा | २०,३१२ | २०,५२३ | १,८९४ | २,०१४ | १,०४० | १,०६४ |
| महोत्तरी | २०,७१७ | २०,७२७ | ८,३८७ | ८,४१८ | ४,९८८ | ५,०३५ |
| सर्लाही | ३९,७२९ | ३९,९४० | ८,६५१ | ८,७९७ | ४,१२७ | ४,१२९ |
| रौतहट | ८,८११ | ८,८०० | १,४८९ | १,६८९ | ४,२९८ | ४,३०४ |
| बारा | ३५,००२ | ३५,५२७ | ६,१३३ | ६,२५४ | ८,५३१ | ८,४७० |
| पर्सा | ५५,६३२ | ५६,१८८ | ७,१११ | ७,१९८ | ६,६०९ | ६,७०७ |
| जम्मा | २६३,८४३ | २६७,१२८ | ४५,३८७ | ४६,३१० | ५०,८२० | ५१,०९९ |

(श्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र )

### २.३.२ माछा उत्पादन :

समीक्षा अवधिमा माछाको उत्पादन १.४८ प्रतिशतले ह्राश आई १९ हजार ४ सय ३१ मे. टन पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १०.०२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा सबैभन्दा बढी माछा उत्पादन बारा जिल्लामा कुल उत्पादनको १८.७१ प्रतिशत तथा सबैभन्दा कम पर्सा जिल्लामा कुल उत्पादनको ६.७९ प्रतिशत रहेको छ ।

तालिका (१.५)

समीक्षा अवधिमा प्रदेशको माछा उत्पादन स्थिति (मे.टनमा)

| **जिल्ला** | **आ.व. २०७६/७७** | **आ.व. २०७७/७८** |
|---|---|---|
| सप्तरी | १,५६० | १,६१० |
| सिराहा | १,८३२ | २,१९९ |
| धनुषा | ३,४५९ | ३,४९५ |
| महोत्तरी | २,२२७ | २,२४७ |
| सर्लाही | २,३७१ | २,५७१ |
| रौतहट | २,६१५ | २,३५५ |
| बारा | ४,३५९ | ३,६३५ |
| पर्सा | १,३०० | १,३१९ |
| **जम्मा** | **१९,७२३** | **१९,४३१** |


(श्रोत : सम्बन्धित जिल्लाका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र )

### २.३.३ वनजन्य उत्पादन :

समीक्षा अवधिमा दाउरा उत्पादनमा १२.६४ प्रतिशत तथा काठको उत्पादन ५७.६७ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा निजी क्षेत्रको बनक्षेत्रबाट उत्पादन भएको काठ दाउराको रुपमा बिक्री वितरण गरिएको हुनाले काठको उत्पादनमा उल्लेख्य कमी आएको हो ।

## २.४ सिँचाइ तथा मौसम :

समीक्षा अवधिमा यस प्रदेशको कुल सिंचित क्षेत्रफल ०.१९ प्रतिशतले वृद्धि भई २,९०,६६९ हेक्टर पुगेको छ । गत बर्षको सोही अवधिमा यस्तो सिंचित क्षेत्रफल ५.५५ प्रतिशतले वृद्धि भएको थियो । कुलोद्वारा सिंचित क्षेत्रफलमा ०.२२ प्रतिशतले, नहरद्वारा सिंचित क्षेत्रफलमा ०.१० प्रतिशत, पोखरीद्वारा सिंचित क्षेत्रफलमा ०.६८ प्रतिशत र बोरिङद्वारा सिंचित क्षेत्रफलमा ०.४५ प्रतिशतले वृद्धि भएको छ भने अन्य श्रोतद्वारा सिंचित क्षेत्रफलमा ४१.४६ प्रतिशतले कमी आएको छ । गत बर्षको सोही अवधिमा कुलोद्वारा सिंचित क्षेत्रफलमा ०.०४ प्रतिशतले, नहरद्वारा सिंचित क्षेत्रफलमा १०.२० प्रतिशतले र पोखरीद्वारा सिंचित क्षेत्रफलमा ०.०१ प्रतिशतले वृद्धि भएको थियो ।




(स्रोत: जिल्ला स्थित जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय)

## २.५. क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाह भएको कजा २६.०१ प्रतिशतले वृद्धि भई रु.३४ अर्ब ८४ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.२७ अर्ब ६५ करोड रहेको थियो ।

## २.६ सहुलियतपूर्ण कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा १३५.६२ प्रतिशतले वृद्धि भई रु.८ अर्ब ५७ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.३ अर्ब ६३ करोड रहेको थियो । प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी २१.२२ प्रतिशत सर्लाही जिल्लामा र सबैभन्दा कम ४.३२ प्रतिशत सप्तरी जिल्लामा रहेको छ ।

तालिका (१.६)

समीक्षा अवधिमा प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.दश लाखमा)

| जिल्ला | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ |
|---|---|---|
| सप्तरी | २१८.६० | ३६९.७८ |
| सिराहा | ५८८.९४ | १,१५९.९२ |
| धनुषा | ४१६.६३ | १,२७१.७५ |
| महोत्तरी | २००.०३ | ५९१.९७ |
| सर्लाही | ५१३.२६ | १,८१८.०० |
| रौतहट | ३३७.२७ | ७३०.२५ |
| बारा | ६८६.०७ | १,३९१.४९ |
| पर्सा | ६७४.४७ | १,२३२.२४ |
| **जम्मा** | **३,६३५.२७** | **८,५६५.४०** |

(श्रोत : बैंक तथा वित्तीय संस्थाहरु)

## २.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### २.७.१ चुनौती

- कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउँदै कृषिजन्य क्रियाकलापमा युवाहरुलाई आकर्षित गर्नु ।
- कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै खाद्यान्नको उत्पादनमा आत्मनिर्भरता बढाउनु ।
- समयमा नै आवश्यक परिमाणमा मलखाद तथा बीउबिजन सुनिश्चित गर्नु ।
- प्रदेश नं.२ मा धनुषा लगायतका जिल्लाहरु माछापालनका लागि सुपर जोनको रुपमा रहेकोमा यी क्षेत्रहरुमा उत्पादनशीलता बढाउनका लागि थप सहुलियतहरु उपलव्ध गराउनु ।
- प्रदेश नं.२ धानको पकेट क्षेत्र रहेको र नेपाल सरकारले धानको ११६ प्रजातिका बीउ स्थानीय माटोको उर्वरताका दृष्टिले प्रभावकारी र परिणाममुखी हुने भनी सिफारिस गरेको भएतापनि भारतीय बजारबाट कमसल प्रकारका बीउको अनधिकृत आयात हुने गरेकोमा सो कार्यलाई दुरुत्साहन गरी माटोको उर्वर क्षमताको आधारमा बिउबिजनको उपलब्धता कायम गर्नुका साथै यसको प्रयोगलाई अभिवृद्धि गर्नु ।
- कृषकहरुको सीप विकासका लागि तालिम प्रदान गर्नुका साथै खेती गरिएको स्थानमा नै प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु ।
- सिंचाईको सहज सुविधा उपलब्ध गराउनुका साथै सामूहिक खेतीमा जोड दिनु ।
- तुलनात्मक लाभका आधारमा छनौट गरिएका क्षेत्र र बालीहरुमा एकीकृत रुपमा सघन कृषि कार्यक्रमहरु सञ्चालन गरी कृषिको व्यावसायीकरणमार्फत औद्योगिकीकरणको आधार खडा गर्नु ।

### २.७.२ सम्भावना

- यस प्रदेशमा जनसंख्याको आकार ठुलो रहेकोले तरकारी, फलफूल, माछा, मासु, लगायतका वस्तुको व्यावसायिक उत्पादन तथा बजारको उच्च सम्भावना रहेको ।

- यस प्रदेशमा समतल भू-भागको साथै उर्वर भूमिको प्रचुर मात्रामा उपलब्धता रहेकोले सिंचित क्षेत्रफलको विस्तारमार्फत खाद्यान्न तथा अन्य बाली तथा तरकारी उत्पादनलाई व्यावसायीकरण गर्न सकिने सम्भावना रहेको ।

- युवा वर्गलाई माछापालनतर्फ आकर्षित गरी मुलुकलाई माछामा आत्मनिर्भर तुल्याउनुका साथै माछा निर्यात गर्न सकिने सम्भावना रहेको ।

- यस प्रदेशमा उर्वर तथा समथर भूमि रहेकोले पशुपालन, माछापालन, तरकारी तथा फलफूल खेती तथाखाद्यान्न बालीको उत्पादन बढाई मुलुकको कुल गार्हस्थ उत्पादनमा योगदान दिन सकिने प्रचुर सम्भावना रहेको ।

## परिच्छेद : ३
## उद्योग क्षेत्र

### ३.१ प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन

समीक्षा अवधिमा यस प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगहरुको क्षमता उपयोग औसतमा (Average Capacity Utilization) ४४.८५ प्रतिशत रहेको छ भने गत वर्षको सोही अवधिमा औसत क्षमता उपयोग ४५.२३ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा उद्योगहरुको औसत क्षमता उपयोगमा कमी आउनुमा कोभिड-१९ संक्रमण रोक्न  बन्दाबन्दी लगाइएकोले उद्योगहरु पनि लामो समयसम्म सञ्चालन नहुनु हो । समीक्षा अवधिमा सिमेन्ट उद्योगले सबैभन्दा बढी ९८.३० प्रतिशत क्षमता उपयोग गरेको छ भने ड्राई सिरप उद्योगको क्षमता उपयोग सबैभन्दा कम अर्थात् १.६० प्रतिशत रहेको छ । समीक्षा अवधिमा ड्राई सिरपको माग घटेको र यसको उत्पादन मौज्दात रहेका कारण ड्राई सिरप उद्योगको औसत क्षमता उपयोगमा कमी आएको हो ।

समीक्षा अवधिमा फलामको छड तथा पत्ति उद्योगको क्षमता उपयोग ८०.१५ प्रतिशत, साबुन उद्योगको क्षमता उपयोग ७८.१९ प्रतिशत, वनस्पति घ्यू तथा तेल उद्योगको क्षमता उपयोग ६८.१३ प्रतिशत, अन्न तथा पशुदाना उद्योगको क्षमता उपयोग ६५.९० प्रतिशत, चुरोट उद्योगको क्षमता उपयोग ४३.५२ प्रतिशत रहेको छ भने प्रशोधित छाला, चिनी, ईट्टा र कागज उद्योगको क्रमशः ३१.२० प्रतिशत, १९.०७ प्रतिशत, १०.०० प्रतिशत, ५.७१ प्रतिशत रहेको छ ।

गत बर्षको यसै अवधिमा यस प्रदेशका प्रमुख उद्योगहरुमा सिमेण्ट उद्योगको क्षमता उपयोग ९४.४७ प्रतिशत, मदिरा उद्योगको ८०.८४ प्रतिशत, सिन्थेटिक कपडाको ७९.०२ प्रतिशत, गहुँको पिठोको ७७.०९ प्रतिशत, प्लाष्टिक सामानको ५९.७७ प्रतिशत र पशुदाना उद्योगको ५६.६७ प्रतिशत रहेको थियो भने कागज, चिनी, चुरोट, फलामे छड र वनस्पति घिउ तथा तेल उद्योगको क्रमशः २१.७४ प्रतिशत, २४.५८ प्रतिशत, ५०.७६ प्रतिशत, ३१.८६ प्रतिशत र ४०.७६ प्रतिशत रहेको थियो । नमुना छनौटमा समेटिएका उद्योगहरुमा जम्मा ८ हजार ५ सय ६ जना रोजागारीमा आवद्ध रहेका छन । ती मध्ये ८ हजार ४२ जना स्वदेशी कामदार रहेका छन् भने बाँकी ४ सय ६४ जना विदेशी कामदार रहेका छन् ।


### ३.२ समग्र औद्योगिक कर्जा स्थिति

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ६.६८ प्रतिशतले वृद्धि भई रु.९३ अर्ब २८ करोड पुगेको छ । गत आर्थिक वर्षको यसै अवधिमा यस्तो कर्जा रु.८७ अर्ब ४४ करोड रहेको थियो ।

### ३.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा मध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५१.३३ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ २२.८६ प्रतिशत, निर्माण उद्योगतर्फ १९.४३ प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स तथा धातुका सामान तर्फ ५.२५ प्रतिशत, खानी उद्योगतर्फ ०.६१ प्रतिशत र विद्युत, ग्याँस तथा पानी उद्योगतर्फ ०.५३ प्रतिशत कर्जा प्रवाह भएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा खानी तर्फको कर्जामा १२.१० प्रतिशत र गैर-खाद्यवस्तु उत्पादनतर्फको कर्जामा ५.५६ प्रतिशतले कमी आएको छ भने धातुका उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स, विद्युत् ग्याँस तथा पानी र कृषि, वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फको कर्जामा क्रमशः ५०.६४ प्रतिशत, ४७.४० प्रतिशत र १८.१३ प्रतिशतले वृद्धि भएको

छ । त्यसैगरी, निर्माणतर्फको कर्जा प्रवाह गत बर्षको तुलनामा समीक्षा अवधिमा २५.३१ प्रतिशतले वृद्धि भई रु.१८ अर्ब १२ करोड पुगेको छ ।




(श्रोत : बैंक तथा वित्तीय संस्थाहरु)

## ३.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ३.४.१ चुनौती

- कोभिड-१९ द्वारा प्रभावित उद्योग तथा व्यावसायहरुको पुनरुत्थान गर्नु, उत्पादन लागतमा कमी ल्याउनु, श्रम सम्वन्धमा सुधार गर्नु र कच्चा पदार्थको नोक्सानी घटाउनु ।
- जमीनको मूल्य अत्यधिक वृद्धि भएका कारण नयाँ उद्योग स्थापना गर्न उचित वातावरण तयार गर्नु ।
- औद्योगिक क्षेत्रको लागि आवश्यक सीप र क्षमता भएका दक्ष जनशक्तिको आपूर्ति गर्नु ।
- उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाको लागि प्रोत्साहन गर्नु ।
- अधिकाँश उद्योगहरु भारत वा अन्य मुलुकबाट आयात हुने कच्चा पदार्थमा आधारित भएको र यस्ता उद्योगहरुको Forward/Backward Linkage कमजोर रहेको सन्दर्भमा स्वदेशी कच्चा पदार्थमा आधिरित उद्योगहरुको स्थापना गर्नु ।
- प्रदेशमा संचालित अधिकाँश उद्योगहरु पचास प्रतिशतभन्दा कम क्षमतामा सञ्चालित छन् । उद्योगको लागि समयमै कच्चा पदार्थ उपलब्ध हुने वातावरण तयार गर्नुका साथै उत्पादित

वस्तुहरुको बजार विस्तार गर्दै छिमेकी मुलुकहरुमा वस्तु निकासी गर्न सकिने वातावरण निर्माण गरी यी उद्योगहरु पूर्ण क्षमतामा सञ्चालनमा ल्याउनु ।

- यस प्रदेशमा कृषि तथा माछा पालनको राम्रो सम्भावना रहेको भएतापनि यसको व्यावसायिक रुपमा उत्पादन हुन नसकेकोले यसलाई व्यावसायिक बनाई मौसमी रुपमा मात्र माछा उत्पादन हुने अवस्थालाई अन्त्य गर्न माछा प्रशोधन उद्योगहरु स्थापना गर्नु ।

- समय समयमा उखु किसान तथा उद्योगीहरुको बीचमा असमझदारीको अवस्था सिर्जना हुँदा उखु किसान तथा चिनी उद्योग दुवै जोखिममा पर्ने गरेकोले चिनी उद्योगसँग सम्बन्धित समस्याको दीर्घकालीन समाधान गरी देशलाई चिनी उत्पादनमा आत्मनिर्भर तुल्याउनु ।

**३.४.१ सम्भावना**

- प्रदेश नं.२ मा प्रसिद्ध धार्मिक पर्यटकीय स्थलहरु रहेकोले परम्परागत सीपमा आधारित धार्मिक सांस्कृतिक महत्वका वस्तुहरुको उत्पादनमा आधारित उद्योगहरुलाई प्रवर्द्धन गरी स्थानीय जनताको आय आर्जन बढाउन र राजस्व परिचालनको आधार फराकिलो बनाउन सक्ने सम्भावना देखिन्छ ।

- नेपालको सबभन्दा बढी जनघनत्व र दोश्रो बढी जनसंख्या भएको प्रदेश भएकोले श्रमको सहज आपूर्ति हुने कारण औद्योगिक लागत कम हुने हुँदा यस प्रदेशमा उद्योगहरु स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने सम्भावना देखिन्छ ।

- प्रदेश नं.२ को अधिकाँश भू-भाग भारतीय सिमानासँग जोडिएकोले भारतबाट हुने औद्योगिक कच्चा पदार्थको ढुवानी लागत सस्तो हुने कारण कम लागतमा वस्तु उत्पादन हुन सक्ने र सजिलै भारततर्फ निकासी गर्न सक्ने सम्भावना देखिन्छ ।

- यस प्रदेशमा पूर्व-पश्चिम राजमार्ग लगायत संघीय राजधानी काठमाण्डौ तथा पहाडी जिल्लाहरु जोड्ने सडक सञ्जाल रहेकोले यस प्रदेशमा दूध, माछा, मासु, अन्न जस्ता कृषिमा आधारित उद्योगहरु स्थापना गर्न सके यी उद्योगहरुबाट उत्पादित वस्तुहरु देशभरि नै पुऱ्याउन सक्ने प्रचुर सम्भावना देखिन्छ ।

- उद्योग स्थापनाका लागि उपयुक्त धरातलीय स्वरुप रहेको कारण यस प्रदेशमा उद्योग कलकारखानाहरुको स्थापना गर्न सके मुलुकभित्रै रोजगारीका अवसर वृद्धि गर्न सक्ने सम्भावना देखिन्छ ।

- धान, गहुँ, मकै जस्ता अन्नको प्रशस्त उत्पादन हुनुको साथै सुगम भौगोलिक अवस्थिति भएकोले यस प्रदेशमा पिठोजन्य उद्योगहरु स्थापना गर्न सक्ने सम्भावना रहेको छ ।

## परिच्छेद : ४
## सेवा क्षेत्र

सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण, रियलस्टेट, वित्तीय सेवा, यातायात, सञ्चार, थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, सार्वजनिक प्रशासन एवम् सुरक्षा व्यवस्था जस्ता क्षेत्रहरुलाई समावेश गरिएको छ । ती मध्ये प्रमुख उप-क्षेत्रहरुको वर्तमान आर्थिक स्थिति निम्नानुसार रहेको छ ।

### ४.१. सार्वजनिक निर्माण तथा रियलस्टेट


समीक्षा अवधिमा समग्र घरजग्गा रजिष्ट्रेशन संख्यामा ९.४५ प्रतिशतले वृद्धि भई ९९ हजार १ सय ५१ पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्यामा ५.०२ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा घर जग्गा रजिष्ट्रेशन राजस्व ३१.६२ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ४१ करोड पुगेको छ । कोभिड-१९ रोकथाम गर्न लगाइएको बन्दाबन्दीका कारण बन्द रहेका मालपोत कार्यालयहरु बन्दाबन्दी पश्चात खुल्न गई घरजग्गा रजिष्ट्रेशनमा भएको वृद्धिले गर्दा यस्तो राजस्वको वृद्धिदर उच्च रहन गएको हो । समीक्षा अवधिमा नक्शा पास स्वीकृत संख्यामा ४.५२ प्रतिशतले कमी आई १ हजार ८ सय ६० रहन गएको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्या १ हजार ९ सय ४८ रहेको थियो ।

### ४.२ वित्तीय सेवा

समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु (क, ख र ग वर्ग) को यस प्रदेशमा रहेका कुल शाखा संख्या ६ सय ४३ रहेको छ भने बैंकिङ्ग सेवामा कार्यरत कर्मचारीहरुको संख्या ४ हजार २ सय ३७ जना रहेको छ ।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३७.५६ प्रतिशतले वृद्धि भई रु.२ खर्ब १८ अर्ब १९ करोड पुगेको छ । कोरोना महामारीका कारण वैदेशिक रोजगारीमा जानेहरुको संख्यामा कमी आएतापनि विप्रेषण आप्रवाहमा भएको वृद्धि, अनौपचारिक सीमा व्यापारमा आएको कमी, वित्तीय पहुँच अभिवृद्धि आदिका कारण निक्षेप परिचालनमा विस्तार आएको देखिन्छ ।

समीक्षा अवधिमा यस क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले रु.३ खर्ब ८ अर्ब ९४ करोड कर्जा प्रवाह गरेका छन् जुन गत वर्षको यसै अवधिको तुलनामा १४.२२ प्रतिशतले बढी हो । बैंक तथा वित्तीय संस्थाको कुल एटिएम संख्या ५ सय ६९ पुगेको छ ।




(श्रोत : बैंक तथा वित्तीय संस्थाहरु)

## ४.३ यातायात

समीक्षा अवधिमा प्रदेश नं.२ मा दर्ता भएका कुल सवारी साधनको संख्या अघिल्लो वर्षको यसै अवधीको तुलनामा ५.७१ प्रतिशतले वृद्धि भई १० लाख २८ हजार ८ सय ४३ पुगेको छ। सवारी साधनहरुमध्ये मोटर साइकलको संख्या ४.८४ प्रतिशतले र अन्य यातायात साधनको संख्या ३.५७ प्रतिशतले वृद्धि भएको छ।

## ४.४ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा यस प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरुबाट सेवा क्षेत्रतर्फ भएको कुल कर्जा २८.२८ प्रतिशतले वृद्धि भई रु.१ खर्व २२ अर्व ३८ करोड पुगेको छ । गत आर्थिक वर्षको यसै अवधिमा यस्तो कर्जा रु.९५ अर्व ४० करोड पुगेको थियो ।

तालिका १.७
प्रदेश २ मा प्रवाहित सेवा क्षेत्र कर्जाको स्थिति (रु.दश लाखमा)

| विवरण | २०७५ पुस मसान्त | २०७६ पुस मसान्त | २०७७ पुस मसान्त |
|---|---|---|---|
| यातायात, भण्डारण र संचार | ४,७९३।७१ | ५,४७५।२१ | ५,७२६।८२ |
| थोक तथा खुद्रा विक्रेता | ६०,६१२।७३ | ७४,७५६।४२ | ९७,०७३।९० |
| वित्त, बीमा तथा अचल सम्पत्ति | ४,१२७।१४ | ६,१९१।४८ | ८,३४६।६१ |
| पर्यटन | २,८०७।८७ | ३,०९६।६६ | ४,०२७।९७ |
| अन्य सेवा | ३,८९८।८६ | ५,८८७।०२ | ७,२०७।७९ |
| **जम्मा** | **७६,२४०।३१** | **९५,४०६।७९** | **१२२,३८३।०९** |

(श्रोत : (बैंक तथा वित्तीय संस्थाहरु)

## ४.५ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ४.५.१ चुनौती

- यस क्षेत्रको सांस्कृतिक सम्पदाको रुपमा रहेको मिथिला कला तथा संस्कृति जस्ता मौलिक विषयवस्तुहरुको संरक्षण र  विकास गर्नु ।
- जनकपुर क्षेत्रमा रहेको मानव निर्मित पोखरी तथा ताल तलैयाहरु लगायत शहरको उचित सरसफाई तथा श्रृंगार गरी मनोरञ्जनात्मक गतिविधिहरुको प्रवर्द्धन गरी पर्यटन विकास गर्नु ।
- अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित शहरीकरणको विकास गर्नु ।
- आन्तरिक तथा बाह्य दुवै किसिमका गुणस्तरीय पर्यटक आगमनको संख्यामा वृद्धि गर्नु ।
- थप पर्यटकीय एवम् मनोरञ्जनका स्थलहरुको खोजी गरी पर्यटकहरुको वसाई अवधि लम्व्याउनु ।
- स्थानीय वसिन्दाहरुमा शहर तथा सम्पदाहरुको सरसफाई सम्बन्धी चेतना जगाउनु ।

### ४.५.२ सम्भावना

- यस प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरु रहेकाले धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको सम्भावना रहेको ।
- जनकपुर क्षेत्रमा रहेको मानव निर्मित पोखरी तथा ताल तलैयाहरु लगायत शहरको उचित सरसफाई तथा श्रृंगार गरी पर्यटन क्षेत्रको विस्तार गर्न सकिने ।
- समथर भू-भाग भएकोले निर्माण, उत्पादनजन्य कार्य र यातायात सञ्जाल विकास गर्न सहज हुने देखिन्छ ।
- भारतसँग खुल्ला सिमाना भएकोले भारतीय पर्यटक भित्र्याउन सहज रहेको ।

## परिच्छेद : ५
## पूर्वाधार र रोजगारी

### ५.१ पूर्वाधार क्षेत्र

राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७६/७७ सम्मको प्रगति विवरण अनुसार राष्ट्रिय गौरव आयोजनाको रुपमा रहेको सुनकोशी मरिन डाइभर्सन आयोजनाको आर्थिक बर्ष २०७६/७७ को भौतिक प्रगति ८३.८७ प्रतिशत, वित्तीय प्रगति १०.८५ प्रतिशत, हालसम्मको समष्टिगत भौतिक प्रगति ५ प्रतिशत र हालसम्मको समष्टिगत वित्तीय प्रगति ०.६ प्रतिशत रहेको छ । त्यसैगरी, आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत भएको, Powerhouse/TBM Inlet Portal को जग्गा प्राप्ति सम्पन्न भएको, सुरुङ निर्माण कार्यको लागत अनुमान तथा खरिद कागज तयार भएको साथै बजेटको सुनिश्चितता गर्नुको साथै सम्माननीय प्रधानमन्त्रीबाट यस आयोजनाको शिलान्यास गर्ने कार्यसमेत सम्पन्न भएको छ ।

सोही प्रगति विवरण अनुसार समीक्षा अवधिमा जयनगर-जनकपुर-बर्दिवास ७० कि.मि रेलमार्गमध्ये आर्थिक वर्ष २०७६/७७ को फागुनसम्ममा ५६ किलोमिटर रेलमार्गको निर्माण सम्पन्न भएको छ । २०७६ असारसम्ममा बर्दिवास-निजगढ रेलमार्गको बर्दिवास-लालवन्दी खण्डको ३० कि.मि क्षेत्रको ट्र्याक बेड मध्ये २३.६ कि.मी. निर्माण भएकोमा २०७७ पुससम्ममा थप ३.५ कि.मि. ट्र्याक बेड निर्माण सम्पन्न भएको छ ।

समीक्षा अवधिमा सडक मार्ग ११.०६ प्रतिशतले वृद्धि भई १ हजार ६ सय २६ किलोमिटर पुगेको छ । यस्तो सडक मार्ग गत बर्षको यसै अवधिमा १ हजार ४ सय ६४ किलोमिटर पुगेको थियो । समीक्षा अवधिमा विद्युत प्रसारण लाईनमा ७.७३ प्रतिशतले बृद्धि भई ६ हजार ६ सय ५४ किलोमिटर पुगेको छ । गत बर्षको यसै अवधिमा विद्युत प्रसारण लाईन ६ हजार १ सय ७६ किलोमिटर रहेको थियो ।

### ५.२. वैदेशिक रोजगारी

प्रदेश नं.२ बाट बैदेशिक रोजगारीको लागि ठूलो संख्यामा श्रमिकहरु विदेश गएका छन । धनुषा जिल्ला मुलुककै सबभन्दा बढी बैदेशिक रोजगारीमा श्रमशक्ति पठाउने जिल्लाको रुपमा रहेको छ । वैदेशिक रोजगारीमा जाने कामदारको सङ्ख्या उल्लेख्य रहेतापनि अदक्ष कामदारको संख्या अधिक रहेकोले यसबाट राम्रो आम्दानी गर्न भने सकेको देखिँदैन । आर्थिक बर्ष २०७७/७८ को पुस महिनासम्ममा यस प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या १५ हजार ३ सय २० रहेको छ । यो संख्या वाह्य रोजगारीका लागि मुलुकभरि बाट श्रम स्वीकृति लिने संख्याको २७.१५ प्रतिशत हो । विगत वर्षहरुमा यस प्रदेशबाट वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेहरु मुलुकभरिबाट स्वीकृत लिने जम्मा संख्याको औसतमा ४६ प्रतिशत रहने गरेको थियो । यस प्रदेशबाट वैदेशिक रोजगारीमा गएका कामदारहरु मध्ये करिब ९६.० प्रतिशत कामदार कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कुवेत र मलेसियामा कार्यरत छन् ।

तालिका १.८

प्रदेशबाट समीक्षा अवधिमा श्रम स्वीकृति लिएको संख्या

| प्रदेश २ स्थित ८ जिल्लाहरुको तथ्यांक | | | मुलुकभरको जम्मा |
|---|---|---|---|
| जिल्ला | श्रमस्वीकृति संख्या | प्रतिशत | ५६,४२४ |
| सप्तरी | १,६०४ | २.८४ | |
| सिराहा | ३,१३४ | ५.५५ | |
| धनुषा | ३,९५९ | ७.०२ | |
| महोत्तरी | २,६६२ | ४.७२ | |
| सर्लाही | १,६१० | ४.७२ | |
| रौतहट | ९९७ | १.७७ | |
| बारा | ८६९ | १.५४ | |
| पर्सा | ४८५ | ०.८६ | |
| जम्मा | १५,३२० | २७.१५ | |

(श्रोत : श्रम विभाग, मासिक प्रतिवेदन साउन देखि पौष २०७७)

## प्रदेशगत रोजगारी कार्यक्रम

संघीय तथा प्रादेशिक सरकारले वार्षिक तथा आवधिक योजना मार्फत विभिन्न प्रदेशमा सञ्चालित रोजगारमूलक कार्यक्रमहरु देहाय बमोजिम रहेका छन :

- सङघीय सरकारले मानव विकास सुचकाङ्कमा पछाडि परेका सीमा क्षेत्रका जिल्लाको आर्थिक सामाजिक विकास एवम् पुर्वाधार निर्माणका लागि **तराई मधेश समृद्ध कार्यक्रम** सञ्चालन गरेको छ ।
- स्थानीय तहमा संचालित सार्वजनिक विकास निर्माणका कार्यहरु श्रममूलक प्रविधि मार्फत सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गरिएको र यो कार्यक्रम मार्फत आर्थिक बर्ष २०७७/७८ मा थप २ लाख रोजगारी सृजना हुने अनुमान रहेको छ ।
- सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत बाणिज्य बैंकले प्रति शाखा कम्तीमा १० तथा विकास बैंकले प्रतिशाखा कम्तीमा ५ जनाको दरले कर्जा प्रवाह गरी स्थानीयस्तरमै थप रोजगारी सृजना गर्ने लक्ष राखेकोछ ।
- संघीय सरकारको बजेटले साना किसान विकास लघुवित्त वित्तीय संस्था मार्फत् संचालित साना किसान कर्जा कार्यक्रमबाट थप ४० हजार रोजगारी सिर्जना गर्ने तथा युवा स्वरोजगार कोषको स्वरोजगार कर्जा कार्यक्रम मार्फत थप १२ हजार युवा स्वरोजगार गर्ने गरी कार्यक्रम समावेश गरेको छ ।

## प्रदेश नं. २ मा सञ्चालित रोजगार कार्यक्रम

- अति विपन्न गरीव र दलित बेरोजगार युवाहरुको लागि रोजगारीको अवसर सृजना गर्न प्रदेश प्रमुख रोजगार कार्यक्रम संचालन गरेको छ । यस कार्यक्रम अन्तर्गत् विभिन्न व्यावसायिक सीपमूलक तालिम कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

- प्रदेश सरकार र पालिकाहरुबाट संचालन गरिने विकास निर्माणका कार्यहरुमा यन्त्र उपकरणको प्रयोगलाई निरुत्साहित गरी श्रममूलक रोजगारी सृजना गर्ने कार्यक्रम समावेश गरेको ।

- कोभिड-१९ को कारण वैदेशिक रोजगार गुमाएर घर फर्किएका युवाहरुको रोजगारीको लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत् स्थानीय स्तरमा हुने विकास निर्माणका कार्यहरु, बाढी रोकथाम तथा नियन्त्रणका कार्यहरु घरेलु तथा साना उद्योग व्यवसाय तथा आधुनिक कृषि कार्यमा अवसरहरु सृजना गरिने जस्ता रोजगारका कार्यक्रमहरु बजेटमा समावेश गरी कार्यान्वयन गरेको छ ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत् सुपरजोन, जोन, व्लक र पकेट क्षेत्र कार्यक्रम संचालन गरी किसानहरुको उत्पादनमा प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्न विभिन्न अनुदान, सहुलियतका सुविधा प्रदान गर्नुको साथै किसानहरुलाई विभिन्न किसिमका व्यावसायिक तालिम कार्यक्रमहरु संचालन गरी स्वरोजगारका अवसर श्रृजना गर्ने कार्यक्रम अघि बढेको छ ।

## ५.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### ५.३.१ चुनौती

- हुलाकी राजमार्ग, काठमाण्डौ–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम जस्ता राष्ट्रिय गौरवका आयोजनाहरु निर्धारित समयमा नै सम्पन्न गर्नु,

- निर्माण शुरु भएका आयोजनाहरुको काम समयमै सम्पन्न गर्न निर्माण व्यावसायी र ठेकेदारको क्षमता अभिवृद्धि गर्नु,

- पूर्वाधार क्षेत्रको निर्माणको लागि विभिन्न सरोकारवाला निकायहरुबीच समन्वय कायम गर्नु,

- निर्माण सम्पन्न भएका आयोजनाहरुको समय समयमा मर्मत संभार गरी यसको दिगोपना कायम गर्नु,

- सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरु बाहेक अन्य ठुला उद्योगहरु सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यावस्थापनमा सुधार ल्याई थप उद्योगहरु सञ्चालन हुने वातावरण तयार पार्नु,

- अव्यवस्थित रुपमा बढ्ने शहरीकरणले औद्योगिक क्षेत्रको लागि चाहिने जग्गा उपलब्ध हुन सक्ने वातावरण नरहेकोले शहरीकरणलाई व्यवस्थित बनाउनु ।

### ५.३.२ सम्भावना

- यस प्रदेश भौगोलिक हिसावले समतल भू-भागमा अवस्थित रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक रुपमा कम लागतमा अन्तरराष्ट्रिय विमानस्थल जस्ता ठुला पुर्वाधारहरु निर्माण हुन सक्ने सम्भावना रहेको देखिन्छ ।

- आर्थिक रुपले सक्रिय जनशक्तिको प्रचुरता रहेको कारण कृषि र उद्योगको विकास मार्फत आन्तरिक रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

- मुलुककै सब भन्दा ठूलो सप्तकोशी नदी यस प्रदेशको सीमा हुँदै बग्ने भएकोले सो नदीको उपयुक्त स्थानमा बाँध बाँधी नहर निर्माण गर्न सके प्रदेशको कृषि योग्य भूमिमा सिँचाई सुविधा दिन सक्ने सम्भावना रहेको देखिन्छ ।

- जनकपुरको १२ विघा जस्ता धेरै खुल्ला मैदानहरु यस प्रदेशमा रहेकोमा हालसम्म त्यसको सदुपयोग हुन नसकिरहेकोले त्यस्ता खुल्ला स्थानहरुको पहिचान गरी फुटबल मैदान तथा क्रिकेट मैदान आदि खेलकुद पुर्वाधारहरु तयार गर्न सक्ने सम्भावना रहेको देखिन्छ ।

## परिच्छेदः ६

## आर्थिक परिदृश्य

आर्थिक परिदृश्यको विश्लेषण गर्दा चालु आर्थिक बर्षको बाँकी ६ महिनाको अवधि तथा आगामी आर्थिक बर्षमा यस प्रदेशको आर्थिक गतिविधिहरु बढ्ने अनुमान रहेकोमा कोरोना भाइरस (कोभिड–१९) संक्रमण बढ्दै गएको र पुँजीगत खर्च अपेक्षित रुपमा हुन नसकेकोले आर्थिक बर्ष २०७७/७८ मा प्रदेशको आर्थिक वृद्धिदर सामान्य रहने अनुमान छ । प्रदेशका कृषि विज्ञ, पशुपक्षी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी व्यावसायी तथा अन्य सरोकारवालाहरुले आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावली मार्फत व्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधि यस प्रदेशमा आगामी आर्थिक बर्षहरुमा बढ्दै जाने अनुमान गरिएको छ ।

### ६.१ कृषि उत्पादन

यो प्रदेशका किसान माछा पालनतर्फ निकै आकर्षित हुँदै गएका तथा धनुषा जिल्लालाई माछा पालनको लागि सुपरजोनको रुपमा घोषणा गरी कार्यक्रम संचालन गरिएको र यस क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने कर्जामा समेत बृद्धि भएको कारण माछा उत्पादनमा यस प्रदेशको योगदान अझै बढ्दै जाने देखिन्छ । तथापि, कोभिड १९ को दोस्रो लहर आउने संकेत देखिएकोले चालु आर्थिक बर्षको पछिल्लो ६ महिनामा कृषि तथा माछा उत्पादनमा कमी आउने आंकलन गरिएको छ ।

### ६.२ औद्योगिक उत्पादन

चालु आर्थिक बर्षको बाँकी अवधिमा कोभिड-१९ को प्रभाव क्रमश बढ्दै जाने अनुमानका कारण चिनी, चुरोट, फलाम, खाद्यान्न तथा अन्न बालीको उत्पादन आउदो दिनमा क्रमशः घट्दै जाने देखिन्छ । प्रदेशभित्र सञ्चालित उद्योगहरुको क्षमता उपयोगको अवस्था आधा भन्दा कमै रहेकोमा आगामी दिनमा पनि क्षमता उपयोगमा सुधार हुने सम्भावना कम रहेको छ ।

### ६.३ सेवा क्षेत्र

चालु आर्थिक बर्षको पछिल्लो ६ महिनामा सेवा क्षेत्रको योगदान पनि घट्ने देखिन्छ । कोभिड-१९ को दोस्रो लहर सुरु भएसंगै होटल तथा रेष्टुरेन्टहरु, आन्तरिक पर्यटन सम्बन्धी गतिविधि, थोक तथा खुद्रा व्यापार तथा सवारी साधन र विद्यालयहरु बन्द हुने संभावनाको कारण आगामी अवधिमा आर्थिक वृद्धिमा प्रतिकूल प्रभाव पर्न सक्छ ।

### ६.४ पूर्वाधार क्षेत्र

चालु आर्थिक वर्षमा पूर्वाधार क्षेत्रको योगदान बढ्ने अनुमान रहेको छ । प्रदेश नं.२ मा निर्माणाधीकन राष्ट्रिय गौरव आयोजनाहरुको काम द्रुत गतिमा बढ्ने, जयनगर–जनकपुर रेल्वेको नीतिगत व्यवस्था लगायत कार्यविधिहरु तयार भई रेल सञ्चालनमा आउने, प्रदेशभित्र स्थानीय तहहरुले विकास निर्माणका कार्यहरुमा तीव्रता ल्याउँदा सडक, खानेपानी, ढल निर्माण जस्ता स–साना आयोजनाहरु सम्पन्न हुने अनुमान छ । हुलाकी राजमार्ग निर्माणको कार्य प्रगतिमा वृद्धि हुने, सुनकोशी मरिन डाइभर्सन बहुद्देश्यीय आयोजना निर्माण कार्य अगाडी बढ्ने जस्ता कार्यले आगामी वर्षहरुमा पूर्वाधार क्षेत्रको प्रगतिमा उल्लेख्य वृद्धि हुने अनुमान छ । स्थानीय तहमा अधिकार प्रत्यायोजन, जनताको विकास प्रति जागरुकता र निर्माण सामग्रीको सहज उपलब्धता जस्ता कारणले यस प्रदेशमा आगामी दिन पूर्वाधार निमार्णको गतिमा तीव्रता आउने अनुमान गरिएको छ ।